स्थानीय राजपत्र

चन्द्रकोट गाउँपालिकाद्वारा प्रकाशित

चन्द्रकोट, खण्डः ५ भागः २ संख्याः १२, मितिः २०७९/०७/०८ गते

भाग-२

चन्द्रकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, शान्तिपुर गुल्मी

चन्द्रकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ३ को अधिकार प्रयोग गरी चन्द्रकोट गाउँ कार्यपालिकाले बनाएको यो कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

चन्द्रकोट गाउँपालिका

चन्द्रकोट गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन कार्यविधि २०७९

प्रस्तावनाः-

निजी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारीको माध्यमबाट शिक्षा, स्वास्थ्य, कृषि, पशु विकास, रोजगारी, आयआर्जनको अवसर, पूर्वाधार निर्माण, विपत् व्यवस्थापन तथा जलवायु परिवर्तन, खानेपानी तथा सरसफाई, उर्जावन तथा वातावरण संरक्षण, सूचना प्रविधि, संस्थागत विकास तथा सुशासन, सहकारी संस्थाहरुको सवलीकरण तथा स्थानीय उत्पादनको बजारीकरण, आर्थिक उपार्जन तथा रोजगारी श्रृजना एबम् सीपयुक्त जनशक्ती उत्पादन लगायतका कार्यक्रमका लागि साझेदारीको माध्यमबाट सर्वसाधारणलाई भरपर्दो, किफायती र सर्वशुलभ रुपमा सेवा सुविधा उपलब्ध गराउने उद्देश्यले साझेदारीमा आधारित अल्पकालीन वा दीर्घकालीन योजनाहरु संचालन गर्न बाञ्छनीय भएकोले, चन्द्रकोट गाउँपालिकाले यो कार्यविधि तयार गरी लागू गरिएको छ।

परिच्छेद १
प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ**(क) यस कार्यविधिको नाम " चन्द्रकोट गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन कार्यविधि २०७९" रहेको छ।

(ख) यो कार्यविधि चन्द्रकोट गाउँपालिका क्षेत्रभर लागू हुनेछ।

(ग) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमाः-

क) "कार्यविधि" भन्नाले चन्द्रकोट गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन कार्यविधि २०७९ लाई सम्झनु पर्छ।

ख) "कार्यक्रम" भन्नाले यस कार्यविधि बमोजिम संचालन गरिने कार्यक्रम सम्झनुपर्छ।

ग) "गाउँपालिका" भन्नाले चन्द्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शान्तिपुर गुल्मीलाई संझनु पर्दछ।

घ) "अनुदान" भन्नाले उत्पादन, प्रशोधन, मूल्य श्रृँखला, बजारीकरण, पूर्वाधार निर्माण, यान्त्रिकीकरण, विविधिकरण, व्यवसायीकरण, आधुनिकीकरण, औद्योगिकरण तथा गरिबी निवारण समेतका लागि छनौट भएका अनुदानग्राहीलाई प्रदान गरिने आर्थिक, वस्तुगत सहायता, पूर्वाधार विकास वा उपलब्ध गराइने सामाग्री र उपकरण सम्झनुपर्दछ।

ङ) "अनुदानग्राही" भन्नाले यस कार्यविधि अनुरुप छनौट भएर अनुदानसँग सम्बन्धित कुनै पनि सेवा-सुविधा प्राप्त गर्ने लाभग्राही बुझिन्छ।

च) "साझेदारी" भन्नाले स्थानीय तह, गैरसरकारी संघ-संस्था, सामुदायिक संघसंस्था, दातृ निकाय, सहकारी, नीजि क्षेत्र, उपभोक्ता समिति आदि समेतसँग संयुक्त लगानीमा गरिने साझेदारी काम वा योजनालाई संझनु पर्दछ।

छ) "गैरसरकारी संस्था" भन्नाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ-संस्था संझनु पर्दछ।

ज) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई संझनु पर्दछ।

चन्द्रकोट गाउँपालिका

झ) "अध्यक्ष" भन्नाले चन्द्रकोट गाउँपालिकाको अध्यक्षलाई संझनु पर्दछ।

ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चन्द्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शान्तिपुर गुल्मीको प्रमुख प्रशासकीय अधिकृतलाई संझनु पर्दछ।

परिच्छेद २

साझेदारी कार्यक्रमका क्षेत्र

३.साझेदारीमा कार्यक्रम संचालन हुने क्षेत्र देहायअनुसार हुनेछन्ः-

क) शिक्षा

ख) स्वास्थ्य

ग) कृषि विकास

घ) पशु सेवा

ङ) भौतिक पुर्वाधार तथा उर्जा

च) विपत् व्यवस्थापन तथा जलवायु परिवर्तन

छ) खानेपानी तथा सरसफाई

ज) रोजगारी तथा स्वरोजगार सृजना

झ) सामाजिक संरक्षण, पुनःस्थापना र सचेतना

ञ) वन तथा वातावरण संरक्षण

ट) संस्थागत विकास तथा सुशासन

ठ) साना किसानद्धारा प्रर्वद्धित सहकारी लगायतका संस्थाहरुको सवलीकरण

ड) स्थानीय उत्पादनको संकलन, प्रसोधन तथा बजारीकरण

ढ) सूचना प्रविधि

परिच्छेद ३

साझेदार छनौट प्रक्रिया

४.साझेदार छनौट प्रक्रिया देहाय बमोजिम हुनेछन्ः-

क) साझेदारीको लागि छनौट गरिएका कार्यक्रम वा योजनाको छनौट गरी गाउँसभा बाट स्वीकृत गर्नुपर्नेछ।

ख) संघीय तथा प्रादेशिक कानुनले निर्दिष्ट गरेको अवस्था बाहेकको साझेदारीमा आधारित कार्यक्रम संचालन गर्न ईच्छुक साझेदार व्यक्ति/संस्था/स्थानीय तहले कुल लागतको न्यूनतम तीस प्रतिशत मा नघट्ने गरी सहभागिता जनाउनु पर्नेछ।

ग) खुला रुपमा **अनुसूची १** बमोजिमको आशयपत्र माग गरी संक्षिप्त सूची तयार गर्नु पर्नेः-

१. बीस लाख रुपैयाँ देखि दश करोड रुपैयाँसम्म लागत अनुमान भएको साझेदारी कार्यक्रम गर्नु परेमा आशयपत्रदाता बीच प्रतिस्पर्धा गराई आशयपत्र माग गर्नुपर्नेछ। सो सम्बन्धि आशयपत्र संकलन गर्न कम्तीमा १५ दिनको अवधी दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नुपर्नेछ।

चन्द्रकोट गाउँपालिका

२. दुई वा दुई भन्दा बढी व्यक्ति, फर्म, कम्पनी वा संघसंस्थाले समूह, संगठन वा संयुक्त उपक्रमको रुपमा आशयपत्र दाखिला गर्न सक्नेछन्।तर यसरी संयुक्त उपक्रम कायम गर्दा दोहोरो पर्ने गरी संयुक्त उपक्रम गर्न सकिने छैन।

३. प्रथम पटकको सूचना बमोजिम आशयपत्रदाताको छनौट गर्दा कम्तीमा ३ वटा आशयपत्रदाता छनौट हुन नसकेमा गाउँपालिकाले पुनःराष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गरी १५ दिनको अवधी दिई आशयपत्र माग गर्नुपर्नेछ।

४. दोस्रो पटक सूचना प्रकाशन गर्दा पनि कम्तिमा तीनवटा आशयपत्र छनौट हुन नसकेको खण्डमा भएका जति आशयपत्रदाताको मात्र सूची कायम गर्न सकिनेछ।

५. आशयपत्रदाताले खुलाउनु पर्ने विवरण।

क.व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण, संगठन।

ख. विगत पाँच वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण। व्यक्तिगत आशयपत्रदाताको हकमा विगत तीन वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण।

ग. प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण।

५. <u>छनौटका आधारः</u>यस कार्यविधि बमोजिम पर्न आएका आशयदाताको योग्यता, अनुभव र क्षमता समेत मूल्यांकन गरी गाउँपालिकाले आशयपत्रदाताको छनौट गर्नुपर्नेछ।छनौटका आधारहरु देहाय बमोजिम हुनेछन्ः

क.आशयपत्रदाताले पेश गर्ने संस्थाको दर्ता, नवीकरण, करचुक्ता, कार्यानुभव पत्र, विगततीन वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा), आशयपत्रका साथ पेश गरेको हुनु पर्नेछ।

ख. आशयपत्रमा उल्लेख गरिएको कार्यक्रमको विषयगत क्षेत्रमा कम्तिमा दुई वर्षको कार्य अनुभव भएको हुनुपर्नेछ।

ग. साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धता पत्र पेश गरेको हुनुपर्नेछ ।

घ. आशयपत्र सहितको निवेदन **अनुसूचि २** बमोजिमको ढाँचामा बुझाउनु पर्नेछ।

६<u>. प्रस्ताव माग गर्नेः</u> दफा ४(४) बमोजिम संक्षिप्त सूची तयार भएपछि गाउँपालिकाले सो संक्षिप्त सूचीमा परेका आशयपत्रदाताहरुलाई प्रस्ताव सम्बन्धी कागजात **अनुसूची ३** बमोजिम पठाई कम्तीमा ३० दिनको समय दिई निजहरुबाट प्रस्ताव माग गर्नु पर्नेछ।प्रस्ताव सम्बन्धी कागजातकमा देहायका कुराहरु उल्लेख गर्नुपर्नेछः-

क. साझेदारी कार्यक्रमको प्रकृति, अनुमानित लागत, अवधि, स्थान, सम्पन्न गर्नुपर्ने कार्य र अपेक्षित परिणाम।

ख. **अनुसूची ४ र ५** बमोजिमको ढाँचामा प्राविधिक र आर्थिक प्रस्ताव अलगअलग खाममा राखी सिलबन्दी गरी प्रत्येक खामको बाहिर कुन प्रकारको प्रस्ताव हो, स्पष्टरुपमा उल्लेख गरी दुवै प्रस्तावलाई अर्को छुट्टै खाममा बन्दी गरी माग गरिएको साझेदारीको विषय उल्लेख गुर्नपर्नेछ,

ग. प्राविधिक तथा आर्थिक मूल्यांकन भार,

घ. प्रस्ताव पेश गर्नुपर्ने स्थान, मिति र समय,

चन्द्रकोट गाउँपालिका

ङ. प्रस्ताव छनौट गुणस्तर तथा लागत विधिबाट छनौट गरिने,

च. तोकिए बमोजिमका अन्य कुरा।

७.**समितिः**साझेदारी कार्यक्रमको लागि पेश गरिएका आशयपत्र तथा प्रस्तावहरुको मूल्यांकन गरी छनौटको लागि सिफारिस गर्न देहायबमोजिमको साझेदारी कार्यक्रम प्रस्ताव छनौट समिति गठन गरिनेछः-

क.प्रमुख प्रशासकीय अधिकृत	- संयोजक
ख. लेखा अधिकृत	- सदस्य
ग. सम्बन्धित विषय वा शाखाको प्रमुख	- सदस्य
घ. प्रशासन अधिकृत	- सदस्य
ङ. योजना अधिकृत	- सदस्य सचिव

कार्यक्रममा विशेष आमन्त्रित सदस्यका रुपमा पालिका प्रमुख तथा उपप्रमुख तथा सम्बन्धित विषयगत समिति संयोजक तथा अन्य विषयविज्ञ समेत रहन सक्नेछन्।

८.**अङ्कभारः**- कुल अंकभार एक सय मध्ये प्राविधिक प्रस्तावको अंकभार सत्तरी तथा आर्थिक प्रस्तावको अंकभार तीस हुनेछ। प्राविधिक र आर्थिक प्रस्तावको संयुक्त मूल्यांकन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने प्रस्तावदाताको प्रस्ताव छनौट गर्नु पर्नेछ।

९.**खुलाउनु पर्नेः**- प्राविधिक प्रस्ताव मूल्यांकन गर्ने आधारहरु र अङ्कभार देहाय बमोजिमका कुनै वा सबै आधार आवश्यकता अनुसार शत प्रतिशतमा ननाघ्ने गरी खुलाउनु पर्नेछ।

१०.**अङ्कभार उल्लेखः**- अङ्कभार उल्लेख गर्दा साझेदारीमा संचालित कार्यक्रम संचालनका लागि पेश हुन आएका आशयदाताहरुको प्रस्तावमा प्राविधिक प्रस्तावको छुट्याईएको अंकभार छनौट समितिले तोके बमोजिम हुने छ।प्राविधिक प्रस्तावको उत्तीर्णाङ्क भनेको प्राविधिक प्रस्तावको लागि छुट्याईएको अङ्कको ५० प्रतिशतअङ्कलाई मानिनेछ।

११.**छनौटः**-प्राविधिक र आर्थिक प्रस्तावको मूल्याङ्कन गर्दा आशयदाता छनौट गर्न गुणस्तर र लागत विधि अनुसार मूल्याङ्कन समितिले अनुसुची ६ बमोजिम हुनेगरी प्राविधिक र आर्थिक प्रस्ताव मूल्याङ्कन गरी सफल साझेदारको छनौट गर्नुपर्नेछ।

परिच्छेद ४

कार्यक्रम संचालन तथा व्यवस्थापन

१२.**कार्यक्रम अनुगमन तथा समन्वय समितिः-** साझेदारी कार्यक्रम संचालन, व्यवस्थापन, अनुगमन र सहजीकरणका लागि देहाय बमोजिमको कार्यक्रम अनुगमन तथा समन्वय समिति रहनेछन्

क) गाउँपालिका अध्यक्ष/नगरपालिका प्रमुख-	संयोजक
ख) गाउँपालिकाको उपाध्यक्ष/नगरपालिका उप-प्रमुख-	सदस्य
ग) प्रमुख प्रशासकीय अधिकृत-	सदस्य सचिव
घ) कार्यक्रम सञ्चालन हुने वडाहरुका वडा अध्यक्ष-	सदस्य
ङ)साझेदारको प्रतिनिधि २ जना-	सदस्य
च) योजना शाखा प्रमुख-	सदस्य
छ) प्रशासन शाखा प्रमुख-	सदस्य
ज) सम्बन्धित विषयगत शाखा प्रमुख-	सदस्य

१३.**कार्यक्रम अनुगमन तथा समन्वय समितिको काम, कर्तव्य र अधिकार**

कार्यक्रम अनुगमन तथा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्ः-

क) कार्यक्रम संचालनको विधि र रुपरेखा निर्धारण गर्ने।

ख) कार्यक्रमको अनुगमन, मूल्यांकन र नियमित समीक्षा गर्ने।

ग)कार्यक्रम मूल्यांकनको आधारमा साझेदारलाई सम्झौता अनुरुपको बजेटको चौमासिक भुक्तानीको लागि सिफारिस गर्ने।

घ) कार्यक्रम संचालनको लागि आवश्यक व्यवस्थापकीय काम एवं समन्वय र सहजीकरण गर्ने।

ङ) कार्यक्रमको कार्यान्वयन साझेदार वा तेश्रो पक्ष कसले गर्ने हो सोको निर्धारण गर्ने।

च) साझेदारी कार्यक्रम संचालन सम्बन्धी अन्य आवश्यक निर्णयहरु गर्ने।

१४.**प्रस्तावना छनौट समितिको काम कर्तव्य र अधिकारः** प्रस्तावना छनौट समितिले यस कार्यविधिमा उल्लेख गरिएको मापदण्डको आधारमा प्रस्तावना छनौट गरी कार्यपालिकामा पेश गर्नु पर्नेछ।

१५.**कार्यक्रमको कार्यान्वयन ढाँचाः**

साझेदारीमा संचालित कार्यक्रमको कार्यान्वयन ढाँचा देहाय बमोजिमको हुनेछन्

क. कार्यक्रमले समेट्ने लाभग्राहीलाई समूहमा आवद्ध गराई संगठित रुपमा स्रोत व्यवस्थापन गर्न सकिनेछ।

ख. कार्यक्रमको प्रारम्भिक चरणमा सेवा पाएका लाभग्राहीहरुले आफुले पाएको सेवासुविधा बराबरको सामाग्री अन्य लाभग्राहीहरुलाई प्रदान गर्नका लागि उप-समूहहरु बनाई अगाडि बढ्न सकिनेछ।

ग. लाभग्राहीहरु आवद्ध विभिन्न तहका समूहहरुलाई बैधानिक रुपमा संस्थागत गरी सहकारीहरु स्थापना गर्न सकिनेछ।

चन्द्रकोट गाउँपालिका

घ.साझेदारले कार्यक्रम कार्यान्वयनको क्रममा लाभग्राहीहरुलाई विभिन्न किसिमका औपचारिक तथा अनौपचारिक तालिम तथा अभिमूखिकरणहरुको व्यवस्था गर्न सक्नेछ।

ङ. लाभग्राही समूहहरुले कार्यक्रम मार्फत अनुदान स्वरुप रकम तथा भौतिक सामग्री प्राप्त गर्न सक्नेछन्।

च. कार्यक्रमको साझेदार छनौट भए पश्चात दुवै पक्षबिच आपसी छलफल गरी अनुगमन तथा समन्वय समितिको बैठकले आवश्यकता अनुसार विस्तृत योजना तथा बजेट निर्धारण गर्नेछ।

छ. साझेदारीको न्यूनतम २५ प्रतिशत हिस्सा नगद वा साझेदारको मानव तथा भौतिक स्रोतको रुपमा (In kind) गणना गर्न सकिनेछ।नगद हिस्सा साझेदारले संचालन गर्ने बैंक खातामा जम्मा गरेर परिचालन गर्नुपर्नेछ। गाउँपालिकाको साझेदारी हिस्सा पनि सोही बैंक खाता मार्फत परिचालन गरिनेछ।

ज. गाउँपालिकाको साझेदारी हिस्साको बजेट चौमासिक रुपमा तीन किस्तामा कार्यक्रम अनुगमन तथा समन्वय समितिको सिफारिसमा साझेदारको बैंक खातामा पेश्की स्वरुप उपलब्ध गराइनेछ।जस अन्तर्गत पहिलो किस्ता कुल रकमको २५ प्रतिशत, दोस्रो किस्ता ५० प्रतिशत र तेस्रो किस्ता २५ प्रतिशत सम्म पेश्की प्रदान गर्नसकिनेछ।कुनै विशिष्ट कारणवस स्वीकृत किस्ता अन्तर्गतको रकम निकासा नभएमा गाउँपालिका/नगरपालिकाले आगामी किस्तामा थप गरी निकासा गर्न सक्नेछ। साझेदारीको समयावधी पहिलो आर्थिक वर्षमा ६ महिना भन्दा कम भएमा पेश्की एकै किस्तामा निकासा गर्न सकिनेछ।

झ. गाउँपालिकातर्फको बजेट शिर्षकबाट खर्च गर्दा यस कार्यविधिमा तोकिएमा सो बमोजिम र अन्यमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको पालना गर्नुपर्नेछ।

ञ.साझेदारी रकमको लेखांकनको सम्पूर्ण जिम्मेवारी साझेदारको हुनेछ।

ट. तोकिएका क्रियाकलापहरू सम्पन्न भएपछि प्रगति प्रतिवेदन, बिल, भरपाइका आधारमा पेश्की फरछ्र्यौट गरी आगामी चौमासिक बजेट निकासाका लागि साझेदारले पेश्की माग गर्नुपर्नेछ। साझेदारले आफ्नो तर्फको लागत खर्चको बिल भपाईको एक प्रति समेत गाउँपालिकाको कार्यलयमा बुझाउनु पर्ने हुन्छ। चालु आर्थिक वर्षको बिचमा बजेट संशोधन गर्न आवश्यक परेको खण्डमा अनुगमन तथा समन्वय समितिले बैठक बसी परिमार्जन वा संशोधन गर्न सक्नेछ।

ठ. बहुवर्षीय कार्यक्रमको हकमा गाउँपालिकाको तर्फबाट विनियोजन हुने बजेट सोही आर्थिक वर्षमा खर्च नभएको खण्डमा बाँकी रकम आगामी आर्थिक वर्षमा समयोजन गरेर साझेदारले खर्च गर्न सक्नेछ।

१६. अनुदान उपलब्ध गराउने हकमाः

पालिकाले स्वीकृत कार्यक्रम बमोजिम कार्यक्रमहरुको उद्धेश्य अनुरुप आवश्यकता निर्धारण गरी कार्यक्रम संचालित क्षेत्रका लाभग्राहीहरुको लागि अनुदान उपलब्ध गराउन सक्नेछ।

क. अनुदानको रुपमा लाभग्राहीहरुलाई भौतिक सामाग्री वा रकम उपलब्ध गराउन सकिनेछ।

ख. अनुदानको प्रकार र सीमा अनुगमन तथा मूल्यांकन समिति र साझेदारले निर्धारण गर्नेछन्।

ग. अुनदानका लागि लाभग्राही छनौटः साझेदारी कार्ययोजनामा उल्लेख भए अनुसार भौतिक तथा नगद अनुदान प्रदान गर्नको लागि अनुगमन तथा मूल्यांकन समितिले पालिकासँग भएको तथ्यांकको आधारमा वास्तविक आवश्यकता पहिचान गरी लाभग्राही छनौट गर्नेछ।

चन्द्रकोट गाउँपालिका

घ. अनुदान सामाग्री वितरण प्रक्रियाः

१. अनुदान प्रक्रियालाई पारदर्शी बनाउनको निम्ति लाभग्राहीहरुको समिति गठन गरी उक्त समितिबाट अनुदान वितरण गर्न सकिनेछ।

२. भौतिक सामाग्री वितरण प्रक्रिया विषयगत शाखाका कर्मचारी वा वडा कार्यलयका प्रतिनिधिको रोहवरमा गरिनेछ।

३. नगद अनुदान दिइने हकमा अनुदानग्राहीसँग भएको सम्झौता वा अनुदानको मापदण्डमा उल्लेख गरिए अनुसारको आफ्नो हिस्साको कार्य सम्पन्न गरे पछि साझेदारले अनुदान तर्फको रकम भुक्तानी गर्न सक्नेछ।

४. भौतिक तथा नगद अनुदान दुवैको हकमा साझेदार संस्थाले सम्पूर्ण प्रक्रियाको अभिलेखिकरण राख्नुपर्नेछ।

५. वितरण गर्नु पर्ने भौतिक सामाग्री विशेष प्रकृतिका भएका कारण सहज रुपमा उपलब्ध हुन नसकेको खण्डमा, धेरै संख्यामा गुणस्तरीय वस्तु उपलब्ध हुन नसकेमा तथा भू-परिभेषको भिन्नताको कारण एक स्थानबाट अर्को स्थानसम्म लैजान उपयुक्त नहुने वस्तुको हकमा तोकिएका प्राविधिक मापदण्ड पूरा गरी लाभग्राहीहरुको समिति गठन गरि वडा कार्यलयको रोहवरमा सोझै खरिद तथा वितरण गर्न सकिने छ।

परिच्छेद ५

सम्झौता, प्रतिवेदन, अनुगमन तथा मूल्यांकन

१७. सम्झौताः साझेदारी कार्यक्रमको सम्झौता प्रस्तावना छनौट समितिको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम ७ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले **अनुसूची ७** बमोजिमको ढाँचामा गर्नु पर्नेछ।

१८. प्रतिवेदनः साझेदारी कार्यक्रम कार्यान्वयनको प्रगति प्रतिवेदन देहाय बमोजिमको ढाँचामा हुनेछः-

क) कार्यक्रमको प्रगति प्रतिवेदन **अनुसूची ८** बमोजिमको ढाँचामा पेश गर्नुपर्नेछ।

ख) साझेदारी कार्यक्रमको प्रकृति र आवश्यकता अनुसार चौमासिक र वार्षिक प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ।

१९. **अनुगमन तथा मूल्यांकनः** कार्यक्रम अनुगमन तथा समन्वय समितिले चौमासिक रुपमा कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्नु पर्नेछ।

परिच्छेद ६

विविध

२०. **लेखापरीक्षणः**

क.साझेदारी कार्यक्रमको अन्तिम लेखापरीक्षण आर्थिक वर्ष समाप्त भए पश्चात प्रचलित कानून बमोजिम गाउँपालिकाले गर्नु पर्नेछ।

ख. साझेदारी कार्यक्रमको आन्तरिक लेखापरीक्षण प्रचलित कानुन बमोजिम गराउनुपर्नेछ।

ग. साझेदारले आफ्नो तर्फको लागत खर्चको वार्षिक लेखा परीक्षण प्रत्येक आ.व.को समापन पछि नेपालको कानून बमोजिम लेखा परीक्षण गर्न योग्य लेखा व्यवसायीबाट गराउनु पर्नेछ। यस्तो लेखा परीक्षणको प्रतिवेदन र वित्तिय विवरणको एक प्रति साझेदारले पालिकामा बुझाउनु पर्नेछ ।

चन्द्रकोट गाउँपालिका

२१. **समन्वयः** साझेदारी कार्यक्रम व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि सरोकारवाला नेपाल सरकारका निकाय, प्रदेश सरकारका निकाय र स्थानीय सरकारका निकायहरु बीच कार्यक्रम अनुगमन तथा समन्वय समितिले समन्वय गर्नु पर्नेछ।

२२. **खर्चमा बन्देजः** साझेदार पक्षहरुले सम्झौतामा उल्लेखित शीर्षकहरुमा मात्र खर्च गर्नु पर्नेछ।विशेष कारणबश एक शिर्षक बाट अर्कोमा रकमान्तरण गर्नु परेमा अनुगमन तथा समन्वय समितिको पुर्व स्वीकृती लिई सम्बन्धित शीर्षकको पच्चिस प्रतिशतमा नबढ्ने गरी गर्न सकिनेछ।

२३. **कसुर र सजायः** क) साझेदारी कार्यक्रमको सम्झौता पश्चात योजना सम्पन्न नगरी छाड्न पाइने छैन। यदि बीचैमा छाडेमा छाड्ने पक्षले उक्त समय सम्मको कार्य जिम्मेवारी र आर्थिक दायित्व वहन गर्नु पर्नेछ।
ख) कार्यक्रमको सम्झौता बमोजिम काम नगरेमा, समयमा काम पुरा नगरेमा वा गुणस्तरहीन काम गरेमा बाँकी किस्ता रोक्का गरीने छ।यस्तो निर्णय गर्नुपुर्व सम्बन्धित पक्षलाई सफाई पेश गर्ने मौका प्रदान गर्नु पर्नेछ।

२४. **पारदर्शिताः** साझेदारी कार्यक्रमको आम्दानी खर्च नियमित रुपमा सार्वजनिक गर्नु पर्नेछ।कार्यक्रम छनौट, अनुगमन तथा मूल्यांकन र कार्यान्वयन गर्दा जनसहभागितामूलक विधिको अवलम्वन गर्नु पर्नेछ।

२५. **उत्तरदायित्वः** कार्यक्रम सञ्चालनको उत्तरदायित्व सबै साझेदारहरुले समान रुपमा वहन गर्नु पर्नेछ।

२६. **संशोधन तथा हेरफेरः** यस कार्यविधीको कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन गाँउपालिकाले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ।

२७. **बाधा अडकाउ फुकाउन र व्याख्या गर्न सक्नेः** गाउँ कार्यपालिकाले यस कार्यविधिमा थपघट, हेरफेर, संशोधन, व्याख्या वा बाधा अड्काउ फुकाउन सक्नेछ।

२८. **प्रचलित कानुन लागु हुनेः** साझेदारी कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधीमा व्यवस्था भएकोमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा प्रचलित कानुन बमोजिम हुनेछ। प्रदेश तथा संघीय सरकार तर्फका साझेदारीका कार्यक्रमहरु संचालन गर्दा उल्लेखित कार्यक्रमको लागि सम्बन्धित निकायबाट तयार भएका कानुनहरु लागु हुनेछन्। यस सन्दर्भमा द्धिविधा उत्पन्न भएमा वा अस्पष्टता भएमा गाँउपालिकाको व्याख्या अन्तिम हुनेछ।

आज्ञाले
विष्णु प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

चन्द्रकोट गाउँपालिका

अनुसूची १

(परिच्छेद ३ को दफा ४(ग) सँग सम्बन्धित)

चन्द्रकोट गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, शान्तिपुर गुल्मी

लुम्विनी प्रदेश, नेपाल

साझेदारीमा कार्यक्रम संञ्चालन गर्न इच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थाको लागि आशय पत्र आह्वानको ढाँचा

प्रथम पटक सूचना प्रकाशित मितिः ....

चन्द्रकोट गाउँपालिकाले-------------- क्षेत्रमा निजी क्षेत्र/गैर सरकारी संघसस्थाको साझेदारीमा काम गर्ने उद्देश्यले "साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि २०७९" कार्यान्वयनमा ल्याएको छ। यसै कार्यविधिको अधिनमा रही आर्थिक वर्ष...........देखि शुरु हुने गरी बहुवर्षिय/सालबसालीरुपमा .... कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक निजी क्षेत्र/गैरसरकारी क्षेत्रका व्यक्ति/संस्थाहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र आशय पत्र पेश गर्न आह्वान गरिएको छ। यस सम्बन्धी विस्तृत विवरण गाउँपालिकाको वेवसाइट ....बाट डाउनलोड गर्न वागाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिन्छ। योग्यता नपुगेका र आवश्यक विवरणहरु र कागजात संलग्न नभएको प्रस्ताव उपर कारवाही गर्न गाउँपालिका/नगरपालिका जवाफदेही हुनेछैन।

....

प्रमुख प्रशासकिय अधिकृत

चन्द्रकोट गाउँपालिका

गाउँपालिकाले वेवसाइटमा प्रकासन गर्ने सूचनाको नमुना

(कार्यालयको लेटरहेड)

सूचना नम्बर.........................

प्रथम पटक सूचना प्रकाशित मितिः ....

चन्द्रकोट गाउँपालिकाले .... क्षेत्रमा निजी क्षेत्र/गैर सरकारी संघसस्थाको साझेदारीमा काम गर्ने उद्देश्यले “साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि २०७९” कार्यान्वयनमा ल्याएको छ।यसै कार्यविधिको अधिनमा रही आर्थिक वर्ष .... देखि शुरु हुने गरी ....कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक निजी क्षेत्र/गैरसरकारी क्षेत्रका व्यक्ति/संस्थाहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले१५(पन्ध्र) दिनभित्र आशय पत्र पेश गर्न आह्वान गरिएको छ।आशय पत्रको ढाँचा यस गाउँपालिकाको वेवसाइट ....बाट डाउनलोड गर्न वा गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिन्छ। इच्छुक योग्यता पुगेका निजी क्षेत्र/गैर सरकारी संघसस्थाले तोकिएको ढाँचामा आशय पत्र निम्नानुसारको कागजात सहित पेश गर्नुपर्ने छ।म्याद नाघि आएका वा रित नपुगेका आशय पत्र स्वीकार गरिने छैन।

आशय पत्रदाताको योग्यता, अनुभव, क्षमता र साझेदारीको लागी आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धताको आधारमा आशय पत्रको मुल्याङ्कन गरिनेछ ।

आशयपत्रका साथ संलग्न हुनुपर्ने कागजातहरु

१. आशयपत्र पेश सम्बन्धी निवेदन,
२. आशय पत्रको फारम,
३. संस्थाको दर्ता, नवीकरण, करचुक्ता, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा),
४. स्थायी लेखा नम्बर,
५. साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धता पत्र,
६. संयुक्त उपक्रममा कार्यगर्ने संस्थाहरुको हकमा दुबै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति,
७. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी १ प्रति,
८. संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल १ प्रति,
९. व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण (प्रोफाईल),
१०. विगत पाँच वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण। व्यक्तिगत आशयपत्रदाताको हकमा विगत तीन वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण,
११. प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण,

....
प्रमुख प्रशासकिय अधिकृत

चन्द्रकोट गाउँपालिका

अनुसूची २

(परिच्छेद ३ को दफा ५(घ) सँग सम्बन्धित)

चन्द्रकोट गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, शान्तिपुर गुल्मी

लुम्विनी प्रदेश, नेपाल

साझेदारीमा कार्यक्रम संञ्चालन गर्न इच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थाको लागि आशयपत्रको निवेदनको ढाँचा

मितिः ....

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
चन्द्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,
शान्तिपुर, गुल्मी
लुम्विनी प्रदेश, नेपाल।

विषयः आशय पत्र पेश गरिएको सम्बन्धमा।

महोदय,

उपरोक्त सम्बन्धमा चन्द्रकोट गाउँपालिकाको आ.व. .... को स्वीकृत कार्यक्रम अनुसार .... उद्देश्यका लागि"................... साझेदारी कार्यक्रम" कार्यान्वयन गर्न ताहाँबाट मिति ....गते प्रकाशित ....सम्बन्धी आशयपत्रको सूचना अनुसार मेरो/हाम्रोयस .... संस्थाले तपशिलमा उल्लेख भए बमोजिमका कागजात संलग्न गरी यो आशय पत्र पेश गरेको गरिएको व्यहोरा अनुरोध छ।

आशयपत्रका साथ संलग्न गरिएको कागजातहरुः-

१. आशयपत्र पेश सम्बन्धी निवेदन,

२. आशय पत्रको फारम,

३. संस्थाको दर्ता, नवीकरण, करचुक्ता, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा),

४. स्थायी लेखा नम्बर,

५. साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धता पत्र,

६. संयुक्त उपक्रममा कार्यगर्ने संस्थाहरुको हकमा दुबै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति,

७. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी १ प्रति,

८. संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल १ प्रति,

९. व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण (प्रोफाईल),

१०.विगतसात वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण।व्यक्तिगत आशयपत्रदाताको हकमा विगत चार वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण,

११.प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण,

निवेदक
पदः
संस्थाको नामः
संस्थाको ठेगानाः
आधिकारीक हस्ताक्षरः
सम्पर्क इमेलः
सम्पर्क नम्बरः
संस्थाको छापः

चन्द्रकोट गाउँपालिका

फारम १: संस्थाको विवरण

क्र.स.	विवरणहरु	विस्तृत जानकारी	
१.	संस्थाको नाम		
२.	संस्थाको प्रकार		
३.	संयुक्त उपक्रममा प्रस्ताव गरिएको स्थानीय संस्थाको नामः		
४.	संस्थाको लक्ष्य र उद्देश्य(विधान अनुसार)		
५.	कार्यगत क्षेत्रहरु (विधान अनुसार)	१. २. ३. ४.	
६.	भौगोलिक क्षेत्र जिल्ला/गाउँपालिका (विधान अनुसार)	जिल्ला संख्या तथा नामः पालिकाको संख्या तथा नामः	
७.	सम्पर्क ठेगाना र सम्पर्क व्यक्ति	ठेगानाः सम्पर्क व्यक्तिको नामः सम्पर्क व्यक्तिको पदः सम्पर्क नम्बरः इमेल ठेगानाः	
८.	दर्ता विवरण	दर्ता नं.	
		दर्ता मिति	
		दर्ता गर्ने निकायको नाम	
		पछिल्लो नविकरण मिति	
९.	समाज कल्याण परिषदसँगको आबद्ध नम्बर, आबद्ध मिति र नविकरण मिति	समाज कल्याण परिषदसँगको आबद्धता नम्बर	
		आबद्धता मिति	
		नवीकरण मिति	
१०.	**PAN** दर्ता नम्बर र मिति	**PAN** नम्बर	
		PAN दर्ता मिति	
११.	कर चुक्ता प्रमाणपत्र	छ/छैन कर चुक्ता गरेको पछिल्लो आर्थिक वर्षः	
१२.	पछिल्लो साधारण सभा मिति	मितिः	
१३.	पुर्णकालिन जम्मा कर्मचारी संख्या (जना)	महिला-........पुरुप........अन्य.......जम्मा.......	

चन्द्रकोट गाउँपालिका

१४.	कार्यक्षेत्र/विगतका कार्य अनुभवका आधारमा कार्यक्षेत्र उल्लेख गर्नुहोस्।	१. २. ३. ४. ५.
१५.	संस्थाको लिखित नीति र कार्यविधिको नाम	
१६.	लेखा प्रणाली र लेखा सफ्टवेरको विवरण	लेखा प्रणालीको नामः लेखा सफ्टवेरको नामः
१७.	खरिद र सम्पत्ति व्यवस्थापन प्रणालीको विवरण	

फाराम २: कार्ययोग्य भौतिक सम्पत्ति तथा उपकरणहरु

क्र.स.	सम्पत्ति तथा उपकरण (उदाहरणका लागि, कम्प्युटर, यातायात साधन, भवन आदि)	एकाई	परिमाण	कैफियत

फाराम २.३: संस्थाको कार्यकारी समितिको संरचनाको विवरण

क्र.स.	नाम	पद	शैक्षिक योग्यता	कार्यकारी समितिको कार्यकाल अवधि

चन्द्रकोट गाउँपालिका

फारम २.४ वर्तमान कर्मचारीको विवरण (कृपया विगतको विवरण नराखुहोला)

क्र.स.	कर्मचारीको नाम	लैङ्गिकता	शैक्षिक योग्यता	पद	विशेषज्ञताको क्षेत्र	अनुभव वर्षमा	कर्मचारीको प्रकार (नियमित/करार)

फाराम २.५: विगच तिन आर्थिक वर्षको बार्षिक वित्तिय कारोबार

क्र.स.	आर्थिक बर्ष	वित्तिय कारोबार रु.
१.		
२.		
३.		

फाराम २.६: विगत पाँच बर्षको संस्थाको रेकर्ड (कृपया वर्तमान अनुभवबाट सुरु गर्नुहोस्)

क्र.स.	परियोजनाको नाम	दातृ निकाय	कार्य क्षेत्र	परियोजना जिल्ला र पालिका	लक्षित समुह (घरधुरी, सहकारी, समुह निजी क्षेत्र आदि)	सम्झौता अवधि (सुरु मिति, अन्तिम मिति र जम्मा अवधि)	जम्मा सम्झौता रकम	दातृ निकायको सम्बन्धित व्यक्तिको सम्पर्क विवरण (नाम, सम्पर्क नम्बर, इमेल)

आशय पत्र पेश सम्बन्धी चेकलिष्ट

क्र.सं.	विवरण	संलग्न छ/छैन
१.	आशयपत्र पश सम्बन्धी निवेदन,	
२.	आशयपत्रको फाराम,	

चन्द्रकोट गाउँपालिका

३.	संस्थाको दर्ता, नवीकरण, करचुक्ता, विगत तीन बर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमतिपत्र (अनुपतिपत्र लिनुपर्नेको हकमा),	
४.	स्थायी लेखा नम्बर,	
५.	साझेदारीको लागि आवश्यका बजेटको स्रोत खुलाएको वा व्यविथा गर्न सक्ने प्रतिवद्धता पत्र,	
६.	संयुक्त उपक्रममा कार्यगर्ने संस्थाहरुको हकमा दुबै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति,	
७.	आशयपत्र पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि १ प्रति,	
८.	संस्था कालो सूचीमा नपरेको स्वघोषण पत्रको सक्कल १ प्रति,	
९.	व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण (प्रोफाईल)	
१०.	विगत पाँच बर्षमा काम गरेको समान प्रकृतिको काम स्थानको विवरण। व्यक्तिगत आशयपत्रदाताको हकमा विगत तीन बर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण	
११.	प्रस्तावित कार्यमा संलग्न हुने प्रमख जनशक्तिको वैयक्तिक विवरण	

चन्द्रकोट गाउँपालिका

अनुसूची ३

(परिच्छेद ३ को दफा ६(ख) सँग सम्बन्धित)

चन्द्रकोट गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, शान्तिपुर गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

सूचना नम्बरः--------------

साझेदारीमा कार्यक्रम संञ्चालन गर्नका लागि आशयदाताहरुको छनौट सम्बन्धी सूचना।

प्रथम पटक प्रकाशित मितिः

चन्द्रकोट गाउँपालिकाले मिति...........................मा ....पत्रिकामा प्रकाशित **"........................... कार्यक्रम"** सञ्चालन गर्नका लागि तपशिल बमोजिमका आशयपत्रदाताहरुको छनौट गरिएको छ। छनौट भएका आशय पत्र दाताहरुलाई तोकिए अनुसार प्राविधिक र वित्तिय प्रस्तावना पेशगर्नको लागि यो सूचना प्रकाशित गरिएको छ।

छनौट भएका आशयदाताहरुको सूची

साझेदार संस्थाको नाम	ठेगाना

यस सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३०(तीस) दिन कार्यालय समय भित्र प्राविधिक तथा आर्थिक प्रस्तावना पेश गर्न अनुरोध छ। प्राविधिक तथा आर्थिक प्रस्तावनाको ढाँचा यस गाउँपालिकाको वेवसाइट वा कार्यालयवाट प्राप्त गर्न सकिनेछ। छनौट भएका आशय पत्र दाताले आफ्नो तर्फवाट परियोजनामा लगानी गर्ने आर्थिक तथा प्राविधिक लागतको विस्तृत योजना र रकमको प्रतिवद्धता समेत पेश गर्न अनुरोध छ।

पुनश्चःयस प्रकारको साझेदारीमा कुनैपनि आर्थिक लाभ वा मुनाफा लिने उद्धेश्य नरहेकाले प्रस्तावना पेश गर्नका लागि छनौट भएका साझेदार संस्थाका हकमा पेश्की जमानत आवश्यक नपर्ने व्यहोरा जानकारी गराईन्छ।

चन्द्रकोट गाउँपालिका

कार्यक्रमका लागि कार्य विवरण (Terms of Reference)

१. पृष्ठभूमिः

२. मुख्य उद्देश्यः

३. परियोजना कार्यान्वयन प्रवन्ध पत्र र विस्तृत कार्ययोजनाः

४. आवश्यक जनशक्तिः

५. प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवारः

यस परियोजनाले को कार्यक्षेत्र तथा लाभान्वित परिवारहरुको विवरण निम्नानुसार रहेकोछ।

वडा नं.	स्थान	जम्मा घरधुरी	परियोजना मार्फत प्रत्यक्ष लाभान्वित घरधुरी संख्या	परियोजना मार्फत अप्रत्यक्ष लाभान्वित घरधुरी संख्या	जम्मा लाभान्वित संख्या
जम्मा					

६. परियोजना अवधिः

यस परियोजनाको समयावधि ...... वर्ष .... महिनाको हुनेछ। परियोजना शुरु हुने मितिः ....रहनेछ।

७. परियोजनाको कुल लागतः

८. अपेक्षित परिणामः

९. अन्य परियोजना सँग सम्बन्धित विषयः

चन्द्रकोट गाउँपालिका

अनुसूची ४

(परिच्छेद ३ को दफा ६ को उपदफा (ख) सँग सम्बन्धित)

चन्द्रकोट गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, शान्तिपुर गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

साझेदारीमा कार्यक्रम संचालन गर्न इच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थाको लागि प्राविधिक प्रस्तावको ढाँचा

१. परियोजनाको नाम

२. पृष्ठभूमि (प्रस्तावनाको सारसंक्षेप, वर्तमान अवस्था, आवश्यकता र औचित्य)

३. प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवार

४. परियोजनाको लक्ष्य र उद्देश्य

५. अपेक्षित उपलब्धी र प्रभाव (अल्पकालिन र दीर्घकालिन)

६. परियोजनाको कार्यान्वयन विधि

७. परियोजनाका क्रियाकलापहरु

८. परियोजनाको व्यवस्थापन

- व्यवस्थापन संरचना
  - संस्थागत सहकार्य
  - परियोजनाको जनशक्ति र व्यवस्थापन संरचनाको चित्र
- मानवीय संशाधन परिचालन
- परियोजनाको कार्ययोजना

९. प्रतिवेदन

१०. अनुगमन तथा मूल्यांकन

११. परियोजनाको पारदर्शिता

१२. परियोजनाको दिगोपना र हस्तान्तरण

चन्द्रकोट गाउँपालिका

अनुसूची ५

(परिच्छेद ३ को दफा ६ को उपदफा (ख) सँग सम्बन्धित)

चन्द्रकोट गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, शान्तिपुर गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

साझेदारीमा कार्यक्रम संञ्चालन गर्न इच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थाको लागि आर्थिक प्रस्तावको ढाँचा

- साझेदारको कुल लागत रकमलागत मध्ये नगद..... प्रतिशत र मानव तथा भौतिक स्रोतको ....प्रतिशत
- परियोजना सञ्चालन खर्च (तलव, भत्ता तथा कर्मचारी सुविधा, कार्यालय सञ्चालन र व्यवस्थापन, सम्पत्ति खरिद, मसलन्द, आदि)
- कार्यक्रम खर्च (परियोजना क्रियाकलाप कार्यान्वयन खर्च)
- अन्य

चन्द्रकोट गाउँपालिका

अनुसूची ६

प्राविधिक तथा आर्थिक प्रस्तावको मूल्याङ्कन तथा समग्र मूल्याङ्कनबाट आउने खुद प्राप्ताङ्क गणना गर्ने तरिका (परिच्छेद ३ को दफा ११ सँग सम्बन्धित)

(१)प्राविधिक प्रस्तावको मूल्याङ्ककन गर्ने तरिका

क.साझदारी कार्यक्रमसँग सम्बन्धित साझेदारको कार्यानुभव- कुल अङ्कको पच्चीस प्रतिशत सम्म
ख. कार्य सम्पादन गर्ने प्रस्तावित तरिका (मेथोडोलोजी) गुणस्तर- कुल अङ्कको बीस देखि पैंतीस प्रतिशत सम्म
ग. प्रस्तावित मुख्य-मुख्य जनशक्तिको योग्यता- कुल अङ्कको तीस देखि साठ्ठी प्रतिशत सम्म
घ. ज्ञान तथा प्रविधि हस्तान्तरण व्यवस्था- कुल अङ्कको दश प्रतिशत सम्म

(२) आर्थिक प्रस्तावको मूल्याङ्कन गर्ने तरिका

(क) मूल्याङ्कन गरिने आशय पत्र दाताको प्राविधिक प्रस्तावको प्राप्ताङ्कलाई प्राविधिक प्रस्तावको लागि छुट्याईएको अंकभारले गुणन गरी प्राप्त गुणनफललाई एक सयले भाग गर्दा आउने भागफलको अंक प्राविधिक प्रस्तावको खुद प्राप्ताङ्क हुनेछ।

(ख) प्राविधिक प्रस्तावको मूल्याङ्कनबाट सफल (प्राविधिक प्रस्तावका लागि छुट्याईएको अंकभारको कम्तिमा ५० प्रतिशत प्राप्त)भएका प्रस्तावकहरु मध्ये कबोल अंकलाई आर्थिक प्रस्तावको लागि छुट्याईएको अंकभारले गुणन गरी प्राप्त गुणनफललाई प्राविधिक प्रस्तावमा सफल प्रस्तावकहरु सबै भन्दा बढी कबोल अंकले भाग गर्दा आउने भागफलको अङ्क आर्थिक प्रस्तावको खुद प्राप्ताङ्क हुनेछ।

(ग) प्राविधिक प्रस्ताव र आर्थिक प्रस्तावको खुद प्राप्ताङ्क जोडी संयुक्त मूल्याङ्कन गर्दा सबैभन्दा बढि अंङ्क पाउने प्रस्तावदाता हुने हुँदा निजलाई छनौट गर्नु पर्नेछ।

साझेदारको छनौटमा अङ्क गणना गर्ने तरिका

उदाहरणः-

(१) प्राविधिक प्रस्तावलाई छुट्याईएको कुल अंकभार ४० मा निर्धारित उत्तिर्णाङ्क ल्याउने क, ख, र ग प्रस्तावदाताको प्राविधिक प्रस्तावमा पाएको अंकः-

क.= ९० ख.= ८५ ग.=८०

उपर्युक्त अङ्कको आधारमा प्राविधिक प्रस्तावमा पाउने अङ्क गणना गर्ने तरिकाः-

क= $\frac{९०X४०}{१००}$= ३६

ख= $\frac{८५X४०}{१००}$=३४

ग= $\frac{८०X४०}{१००}$= ३२

चन्द्रकोट गाउँपालिका

(२) आर्थिक प्रस्तावलाई छुटयाईएको कुल अंकभार ६० मा निर्धारित उत्तिर्णाङ्क ल्याउने क, ख, र ग प्रस्तावदाताको आर्थिक प्रस्तावमा कबोल गरेको रकमः-

क. = ४,५०,००० ख. = ४,३०,००० ग. =४,२०,०००

तसर्थ सबैभन्दा बढी कवोल गरेको अङ्क = ४,५०,०००

उपर्युक्त कबोल रकमको आधारमा आर्थिक प्रस्तावमा पाउने अङ्क गणना गर्ने तरिकाः-

क= $\frac{४५००००x६०}{४५००००}$= ६०

ख= $\frac{४३००००x६०}{४५००००}$= ५७.३३

ग= $\frac{४२००००x६०}{४५००००}$= ५६

(३) प्राविधिक प्रस्ताव र आर्थिक प्रस्तावको संयुक्त मूल्याङ्कनबाट पाउने कुल अङ्कोविवरण

प्रस्तावक	प्राविधिक प्रस्तावको खुद प्राप्ताङ्क	आर्थिक प्रस्तावको खुद प्राप्ताङ्क	कुल अंक	कैफियत
क	३६	६०	९६	सबैभन्दा बढि कुल अङ्क पाउने प्रस्तावदाता
ख	३४	५७.६६	९१.६६	
ग	३२	५६	८८	

सबैभन्दा बढि कुल अङ्क पाउने प्रस्तावदाता "क" छनौट गर्नु पर्ने।

चन्द्रकोट गाउँपालिका

अनुसूची ७

(परिच्छेद ५ को दफा १७ सँग सम्बन्धित)

चन्द्रकोट गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, शान्तिपुर गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

साझेदारी कार्यक्रम सम्झौताको ढाँचा

"..................साझेदारी कार्यक्रम" संचालनका लागि चन्द्रकोट गाँउपालिका र .... संस्था विचको

साझेदारी सम्झौता पत्र

१. परिचयः

२. कार्यक्रमको नामः

३. सम्झौता अवधिः

४. कार्यक्षेत्रः

५. प्रथम पक्षको जिम्मेवारीः

६. दोस्रो पक्षको जिम्मेवारीः

७. बजेट र वित्तीय कार्यविधिः

७.१ परियोजनाको कुल बजेटः

७.१.१ परियोजनाको वजेटमा प्रथम र द्धितिय पक्षको लागत विवरण सम्वन्धमाः

७.१.२ बजेट रकमान्तर सम्बन्धमा

७.१.३ परियोजनाको विस्तृत बजेट विवरणः

७.२ बजेट निकासाः

७.२.१ बैंक खाता सम्बन्धमाः

७.२.२ पेश्की सम्बन्धमाः

७.२.३ वार्षिक वजेट विनियोजन र निकासा सम्वब्धमाः

७.२.४ अग्रीम कर सम्बन्धमाः

७.२.५ विल भरपाई सम्बन्धमाः

७.२.६ विल जारी सम्बन्धमाः

७.२.७ परियोजनाको आर्थिक प्रगति प्रतिवेदन सम्बन्धमाः

७.२.८ पेश्की तालिका विवरणः

७.२.९ स्थानीय साझेदार सम्बन्धमाः

७.२.१० विस्तृत कार्यक्रम र वजेट सम्बन्धमाः

चन्द्रकोट गाउँपालिका

८. लेखा परीक्षण तथा प्रतिवेदन

९. अनुगमन तथा मूल्यांकनः

९.१ कार्यक्रम अनुगमन तथा समन्वय समितिले

८.२ गाँउपालिका स्तरीय अनुगमन तथा मूल्यांकन समितिले

१०. सम्झौताको संसोधन तथा खारेजी सम्बन्धि व्यवस्थाः

११. परियोजना हस्तान्तरणः

१२. विविधः

माथि उल्लेखित शर्तका अधिनमा रहि मिति .... मा दुवै पक्षद्धारा हस्ताक्षर गरियो।

प्रथम पक्षकाझ तर्फबाट

....

....

साक्षिहरुः

दोस्रो पक्षको तर्फबाट

....

....

चन्द्रकोट गाँउपालिका

अनुसूची ८

(परिच्छेद ५ को दफा १८ को (क) सँग सम्बन्धित)

चन्द्रकोट गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, शान्तिपुर गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

साझेदारी कार्यक्रमको प्रगति प्रतिवेदनको ढाँचा

- कार्यक्रमको पृष्ठभूमी
- लक्ष्य र उद्देश्य
- कार्यक्षेत्र
- कार्यान्वयन प्रक्रिया
- सम्पन्न क्रियाकलाप
- उपलब्धि (भौतिक तथा वित्तीय)
- सुधारात्मक पक्ष र सिकाइ
- समस्या तथा सवालहरु
- आगामी गतिविधि (संक्षिप्त कार्ययोजना सहित)
- निष्कर्ष

चन्द्रकोट गाउँपालिका